# झलारीपिपलाडी नगरपालिका कार्यालय

झलारी, कन्चनपुर

## वोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३। १०।६)**

यस कार्यालयवाट निम्न वमोजिमको निर्माण कार्य सिलवन्दी वोलपत्रको माध्यमवाट सम्पन्न गर्नु पर्ने भएको हुदा नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट निम्न लिखित शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी वोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. वोलपत्र सम्वन्धि कागजातहरु यो सुचना प्रथम पटक प्रकासित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र यस कार्यालयवाट र कोष तथा लेखा नियन्त्रक कार्यालय महेन्द्रनगर,कन्चनपुर वाट चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजतपत्र, स्थायि लेखा दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०७२।०७३ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन साथ **रु.३०००।०० (पछी फिर्ता नहुने गरी )** तिरी खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको वोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजे सम्म छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै सिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका वोलपत्रहरु कार्यालय प्रतिनिधि तथा वोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा दाखीला गर्ने अन्तिम दिनको अपरान्ह २.००वजे खोलिने छ । वोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएपनि वोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३. धरौटी वापत झलारीपिपलाडी नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य वैंक महेन्द्रनगर शाखामा रहेको **धरौटी खाता नं. ४१८०३०३००३००४ मा आफुले कवोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम** नगदै जम्मा गरेको सक्कल वैंक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट **कम्तीमा १२० दिन** म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाउमा जारि भएको विडवण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. वोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

६. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु वुझाउन पर्ने सवै कर (मु.अ.कर वाहेक) सम्वन्धीत वोलपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ । सम्झौता अवधभिर मुल्यवृद्दि उपलव्ध गराईने छैन ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखि वोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. वोलपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, ठेक्का सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ग) वमोजिमको घोषणपत्र वोलपत्रसाथ वोलपत्रदाताले पेश गर्नु पर्नेछ ।

९. सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१०. वोलपत्र सम्वन्धमा अन्य कुराहरु वुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

**वोलपत्र सम्वन्धी कार्यको विवरण**

| सि.न. | ठेक्का नम्वर | कामको विवरण | लागत अनुमान (मु.अ.कर र कन्टेन्जेन्सी वाहेक) रु. |
|---|---|---|---|
| १ | ०५।२०७३।७४ | वनसमिति वजार देखी दक्षिण पिपलाडी जोनापुर जाने सडकमा कालोपत्रे गर्ने कार्य | ३९,२९,९४६।९० |
| २ | ०६।२०७३।७४ | शिसैया फुलली पारिफाटा जाने सडकमा कालोपत्रे गर्ने कार्य | ३९,२९,९४६।९० |
| ३ | ०७।२०७३।७४ | नगरपालिका कार्यालय भवन तथा पर्खाल निर्माण गर्ने कार्य | ९५,०५,५०८।५१ |

**कार्यकारी अधिकृत**

Scanned by CamScanner